राक्सिराङमा चट्याङ निरोधक यन्त्र जडान गर्दै। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४२ ● २०८० वैशाख १८ गते सोमबार, ● 01 May, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# उमेर नपुग्दै "आमा"



फोटो: गुगलबाट

**मकवानपुरमा पछिल्लो एक वर्षको अवधिमा एक हजार ७ सय ३ जना किशोरीले गर्भवती जाँच गराए ।**

विकास संवाददाता
थाहानगर

मकवानपुरमा आमा बन्ने किशोरीको संख्या बढ्दै गएको छ । २० वर्षभन्दा कम उमेरका किशोरीले बच्चा जन्माउने क्रम बढ्दै गएको हो ।

पछिल्लो एक वर्षको अवधिमा एक हजार ७ सय ३ जना किशोरीले गर्भवती जाँच गराएको स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । १४ हजार ७ सय ३० जनाले गर्भवती जाँच लिएको मध्ये एक हजार ७ सय ३ जना २० वर्षभन्दा कम उमेरका छन् । पहिलो पटक गर्भ जाँच गराउनेको संख्या सबैभन्दा बढी ७ हजार ३ सय ७७ जना छन्, जसमा ७ सय २६ जना किशोरी रहेका छन् ।

१२ हप्तासम्मको गर्भ जाँच गराउने ३ हजार २ सय २९ जना गर्भवतीमध्ये ३ सय ६५ जना किशोरी रहेको घिमिरेले जानकारी दिए । ४ पटक (१६, २०-२४, ३२ र ३६ हप्तामा) गर्भवती जाँच गराउनेको संख्या ४ हजार ३ सय ४७ जना रहेकोमा ४ सय ७४ जना किशोरीले जाँच लिएका छन् । प्रोटोकलअनुसार ८ औं पटक गर्भजाँच गराउने एक हजार ४ सय ८० मध्ये १ सय ३८ जना किशोरी रहेको उहाँले बताए ।

यसैगरी, ४ हजार १ सय ९६ जनाले प्रसुती सेवा लिएकोमा ४ सय ८८ जना २० वर्षभन्दा कम उमेरका किशोरी रहेका छन् । दक्ष प्रसुतीकर्मीबाट ३ हजार ७ सय ६ जनाले प्रसुती सेवा प्राप्त गरेकामध्ये ३ सय ९५ जना किशोरी रहेका छन् । ३ सय ६ जनाले दक्ष स्वास्थ्यकर्मीबाट सेवा लिएकामा ५१ जना किशोरी रहेको बताइएको छ । ८९ जना महिलाले अन्य स्वास्थ्यकर्मीबाट सेवा लिएकामध्ये २९ जना किशोरी र हेका छन् । यस्तै, घरमा प्रसुति हुनेको संख्या ९५ जना रहेकोमा किशोरीको संख्या १३ जना रहेको घिमिरेले जानकारी दिए । यस अवधिमा ९ सय ८५ जना महिलाले गर्भपतन सेवा लिएका छन् । सेवा लिएका महिलामध्ये ४६ जना किशोरी रहेका छन् । १२ हप्तासम्म ४३ किशोरीले मेडिकल गर्भपतन सेवा प्रयोग गरेका हुन् । १२ हप्तामाथिका २ जना किशोरीले मेडिकल र एक जनाले सर्जिकल गरेको घिमिरेले बताए ।

किशोरी उमेरमा बच्चा जन्माउँदा आमा र शिशुमा विभिन्न समस्या उत्पन्न हुने स्वास्थ्यकर्मीको भनाई छ ।

## यस्तो छ, राष्ट्रिय तथ्याङ्क

नेपालको मुलुकी देवानी संहिता २०७४ अनुसार २० वर्ष नपुगी विवाह गर्न नपाइने उल्लेख छ । तर व्यवहारमा लागू छैन । कानुनले विवाह गर्ने उमेर तोके पनि उमेर नपुग्दै गर्भवती हुने किशोरीको संख्या उल्लेखनीय रूपमा घट्न सकेको छैन। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ (एनडीएचएस) को तथ्यांक अनुसार गएको पाँच वर्षमा कम उमेरमा सन्तान जन्माउने किशोरीको संख्या ३ प्रतिशत मात्रै घटेको छ ।

सन् २०२२ को एनडीएचएसले नेपालमा १४ प्रतिशत किशोरी (१५ देखि १९ वर्ष) २० वर्ष नपुग्दै गर्भवती हुने देखाएको छ । यसअघि सन् २०१६ को अध्ययनले नेपालमा १७ प्रतिशत किशोरी कम उमेरमै गर्भवती हुने गरेको देखाएको थियो ।

अहिलेको तथ्यांक अनुसार कम उमेरमा गर्भवती हुनेको संख्या नेपालभर १४ प्रतिशत रहे पनि कर्णाली र मधेस प्रदेशमा सबैभन्दा धेरै छ। कर्णालीमा अझै पनि २१ र मधेस प्रदेशमा २० प्रतिशत किशोरी उमेर नपुग्दै गर्भवती हुने गरेका छन् ।

गण्डकी, प्रदेश १ र सुदूर पश्चिममा १३/१३, लुम्बिनीमा १० र बागमतीमा ८ प्रतिशत किशोरी कम उमेरमै गर्भवती हुने गरेको उक्त अध्ययनमा उल्लेख छ ।

सन् २०१६ मा प्रदेश १ मा १५.५, मधेश प्रदेशमा २७.३, बागमती प्रदेशमा १०.१, गण्डकी प्रदेशमा १३.९, लुम्बिनी प्रदेशमा १३.४, कर्णाली प्रदेशमा १८.८ र सुदूरपश्चिम प्रदेशमा १६.१ प्रतिशत किशोरी २० वर्ष नपुग्दै गर्भवती हुने गर्थे ।

# ल्यायम्ह पूचःलाई एम्बुलेन्स सञ्चालनको जिम्मा



◆ विकास संवाददाता

थाहानगरको ओखरबजार निःशुल्क एम्बुलेन्स सञ्चालन तदर्थ समिति अन्तर्गत सञ्चालन हुँदै आएको एम्बुलेन्स ल्यायम्ह पूचः मकवानपुर शाखालाई सञ्चालनको जिम्मेवारी दिने निर्णय भएको छ ।

१७ वैशाखमा ओखरबजारमा भएको एम्बुलेन्स परिषद भेलामा तदर्थ समितिका संयोजक सुरेन्द्रमान प्रधानले दीर्घकालमा रूपले एम्बुलेन्स सञ्चालनका लागि ल्यायम्ह पूचःलाई स्वामित्व हस्तान्तरण गर्न गरेको प्रस्तावलाई सर्वसम्मत रूपले समर्थन गरेको हो । तदर्थ समितिको तर्फबाट अध्यक्ष प्रधानले हालसम्मको आम्दानी र खर्च समेत सार्वजनिक गर्दै एम्बुलेन्स खरिद तथा सञ्चालनका लागि हालसम्म प्रशासनिक खर्च सबैले व्यक्तिगत रूपले गरेको बताउदै एम्बुलेन्स खरिदका लागि सहयोग गर्ने दाताहरूलाई धन्यबाद व्यक्त गरे ।

भेलाको निर्णय पछि तत्काल तदर्थ समिति र ल्यायम्ह पूचः बीच लिखित सम्झौता हुने ल्यायम्ह पूचःका केन्द्रीय कोषाध्यक्ष जर्म श्रेष्ठले बताए । निःशुल्क ओखर बजार एम्बुलेन्स सञ्चालन समितिले २०७८ जेठ २७ गतेदेखि हालसम्म गरिव, असहाय तथा खरिद योजनामा प्रत्यक्ष सहभागी दाताका परिवारलाई निःशुल्क र अन्यलाई थाहानगरमा प्रचलित भाडादरमा एम्बुलेन्स सेवा प्रदान गर्दै आएको थियो ।

# भिमफेदीको भैसे स्वास्थ्य चौकीमा निःशुल्क ल्याब सेवा शुरू

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाको भैंसे स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा सुरू भएको छ। भीमफेदी गाँउपालिकाको वडा नम्बर २ भैसे स्थित स्वास्थ्य चौकीबाट ११ वैशाखबाट ल्याब सेवा संचालनमा ल्याइएको हो । ल्याब सेवाको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले उद्घाटन गरे ।

भीमफेदीको वडा नम्बर १, २, ३, ४ र ९ का जनसमुदायले मानव स्वास्थ्यसंग सम्बन्धित विभिन्न्न समस्याहरूको परीक्षण गर्न यो आर्थिक वर्षको लागि निःशुल्क सेवा लिनेगरी ल्याब सेवा सुरू गरिएको हो । यस क्षेत्रका सयौ परिवारले यो सेवा निशुल्क रूपमा दिनेगरी सेवा सुरू गरिएको अध्यक्ष लामाले बताए । सानो स्वास्थ्य समस्या लिएर पनि हेटौंडा अस्पताल सम्म धाउनुपर्ने बाध्यता नहोस भन्ने उद्देश्यले सेवा सुरू गरिएको उनले बताए ।

ल्याब सेवाबाट सुगर, जण्डिस, मृगौला, गर्भ परिक्षण, एच आइ भी, हेपाटाइटिस, युरिक एसिड, टाइफाइट, दिसा पिसाब र रगत परिक्षण गरिने अध्यक्ष लामाले बताए ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा-८ सम्पर्क नं. ९८०७५५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## सहकारी नियमनको सवाल

नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको तीनमध्ये एक खम्बा भनी स्वीकार गरे पनि नेपालका सहकारीहरूको नियमन राम्ररी हुन नसक्दा दर्जनौं ठूला सहकारी समस्यामा परेका छन् । सयौं सहकारीका सञ्चालकहरू बेपत्ता भएका छन् । यसले गर्दा सहकारीका सदस्यहरूको बचत रकम जोखिममा परेको छ भने कतिपयको त बिचल्ली नै भएको छ । किन सहकारीहरू यसरी समस्यामा परिरहन्छन् त ? नेपालको अर्थतन्त्रको विस्तारमा सहकारीको ठूलो योगदान छ । गरीबी निवारणमा समेत सहकारीको भूमिका ठूलो छ । ग्रामीण क्षेत्रमा सहकारीहरूले विपन्न वर्गलाई सानो सानो रकम बचत गर्न लगाउने र उनीहरूमा कर्जा प्रवाह गरी व्यावसायिक बन्न सिकाउने गरेकाले सहकारी अर्थतन्त्रमा निकै प्रभावकारी देखिएको हो । सहकारीको सही मान्यताअनुसार सञ्चालित यस्ता संस्थामा खासै समस्या आएको देखिँदैन तर शहरी क्षेत्रमा सञ्चालित ठूला सहकारी भने समस्यामा पर्ने गरेका छन् ।

सहकारीको नीति र मार्गनिर्देशन विपरीत गएर घरजग्गा, शेयरलगायत क्षेत्रमा लगानी गर्दा नै सहकारीहरू समस्यामा पर्ने हुन् । सबै सदस्यको बराबर मताधिकार रहने, सबै निर्णय र कार्यान्वयन लोकतान्त्रिक विधिले गरिने हुँदा सहकारी निकै प्रभावकारी मानिएको हो । सदस्यहरूले नै सञ्चालक चयन गर्ने, ऋण समिति गठन गर्ने, आयव्यय विवरण पारित गर्नेलगायत सबै काम पारदर्शी तरीकाले हुनुपर्छ । तर, कतिपय सहकारीमा यस्तो अभ्यास पाइँदैन । यी सहकारी वित्त कम्पनीका रूपमा सञ्चालित छन् जसले गर्दा कहाँ लगानी भइरहेको छ, कस्तोकस्तो व्यवसाय भइरहेको छ भन्नेमा सहकारीका सदस्यले चासो नै लिँदैनन् । कति प्रतिशत मुनाफा दिन्छ र विभिन्न शीर्षकमा कति पैसा दिन्छ भन्नेमा मात्रै सहकारीका सदस्यको चासो हुन्छ । सहकारीका सञ्चालकहरू पनि सहकारीलाई 'मेरो सहकारी' भन्ने गर्छन् । यसले सहकारीहरू यसको सिद्धान्त र अवधारणाअनुसार नचलेको स्पष्ट हुन्छ । सहकारीमा हुनै पर्ने सहकार्यको संस्कृति नै कमै पाइन्छ । नीतिविपरीत घरजग्गामा लगानी गरेका सहकारी नै अहिले समस्यामा परेका देखिन्छन् । नेपाल राष्ट्र बैंकले घरजग्गामा जाने कर्जामा कडाइ गरेसँगै यसको कारोबारमा कमी आयो । साथै, सरकारले जग्गाको वर्गीकरण नगरी कित्ताकाँट गर्न नपाउने नियम ल्याएकाले पनि यसको कारोबार प्रभावित भयो । बैंकले निक्षेपमा नै ११ प्रतिशतसम्म ब्याज दिन थालेपछि सहकारीको रकम पनि बैकतिर जान थाल्यो । यसका लागि सहकारीमा निक्षेप फिर्ता लिनेको संख्या बढेसँगै सहकारीहरू समस्यामा परेका देखिन्छन् । यो त अहिलेको समस्या हो । सहकारीको नियमन गर्ने सहकारी विभागको कमजोरीका कारण पनि यसमा समस्या बढेको हो ।

एउटाभन्दा बढी सहकारीमा सदस्य हुन नपाउने व्यवस्थाविपरीत एउटै व्यक्ति कैयौं सहकारीमा सक्रिय रहेका पाइन्छन् । सहकारी विभागले यसमा ध्यान दिएको छैन । यस्तो सानातिना कुरामा वास्ता नगर्ने, सहकारीको साधारणसभामा गएर खाम बुझेर मात्रै आउने सहकारी विभागको अधिकारीहरूका कारण सहकारी समस्यामा परेका हुन् । त्यसैले सहकारी सदस्य आफै सचेत बनी यसलाई सही तरीकाले चलाउने हो भने स्वनियमन हुन्छ र सहकारीका धेरै समस्या समाधान हुन्छन् । यसो हुन सकेमा यसले अर्थतन्त्रमा साँचिकै एक खम्बाको काम गर्न सक्नेछ । सहकारी बलिया र विश्वासिला हुँदा अन्ततः अर्थतन्त्र बलियो हुन्छ, जसको लाभ सर्वसाधारणलाई नै हुन्छ । यसतर्फ सबैको ध्यान जानू आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पर्यटन विकास र समस्याहरू



◆ के.बी. बस्नेत

आज पर्यटकहरू विश्वका विभिन्न देशमा मनोरञ्जन एवं अध्ययन अनुसन्धानका लागि भ्रमण गर्छन् । यसरी भ्रमण गर्दा उनीहरूलाई आनन्द मात्र प्राप्त हुँदैन ज्ञानोपार्जन पनि हुन्छ । कोभिड-१९ को महामारीपछि विश्वको पर्यटन उद्योग केही खस्किए पनि यसबाट हुने वार्षिक आम्दानी सरदर ८ सय अर्ब डलर छ । जसमध्ये नेपाललगायत अन्य दक्षिण एसियाली देशहरूले एक प्रतिशत मात्र आर्जन गर्छन् । केही वर्षयता छिमेकी राष्ट्र चीनले उक्त उद्योगबाट निकै फाइदा प्राप्त गर्न थालेको छ ।

हाल विश्वमा हवाइ यातायातको धेरै विकास भएको छ । यस्तो यातायातका साधन छिटोछरितो एवं आरामदायक भएकाले धेरैजसो पर्यटकहरू वायुसेवा रूचाउँछन् । यही कारणले सन् १९९० को दशकदेखि हवाइ सेवा रूचाउने पर्यटकहरूको संख्या प्रचुर मात्रामा बढेको छ ।

एक आधिकारिक तथ्यांकअनुसार विश्वका डेढ अर्ब पर्यटकहरू हवाइमार्गबाट भ्रमण गर्छन् । यसले हवाइ यातायात विकासको शुभ संकेत गर्छ । वर्तमान समयमा एसिया र प्रशान्त क्षेत्रका हवाइ सेवा कम्पनीहरूले आफ्ना पारवहन क्षमता १० प्रतिशत बढाएका छन् । विश्वव्यापी अनुमानअनुसार यी कम्पनीहरूले सम्पूर्ण पर्यटकहरूमध्ये झण्डै ८० प्रतिशतलाई सेवा प्रदान गरी प्रशस्त आम्दानी गर्छन् । यसबाट पर्यटन उद्योगको प्रवर्द्धनमा ठूलो सघाउ पुगेको छ । हाल विश्वको विभिन्न देशमा आवतजावत गर्ने पर्यटकहरूको संख्या तीव्र रूपले बढिरहेको छ । त्यसैले यी देशहरूमा उजागर नभएका भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक आदि तथ्यहरू पत्ता लगाई प्रचारप्रसार गर्ने प्रतिस्पर्धा बढिरहेको छ ।

वस्तुतः नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधताको संगमस्थल हो । यहाँको सांस्कृतिक एवं धार्मिक विरासत शताब्दीऔं पुराना मात्र नभई अनुपम पनि मानिन्छ । यहाँको समाजको संरचना विभिन्न जातजाति, धर्म, संस्कार र संस्कृतिको महत्वपूर्ण समझदारी एवं सहकार्यमा जीवन्त रहेको छ । यहाँका संस्कार, दिनचर्या र सहिष्णुता अन्य देशहरूको लागि उदाहरणीय मात्र नभई अनुकरणीय पनि हुन सक्छन् । यहाँ विद्यमान विभिन्न जातजाति तथा समुदायको पहिचान र रहनसहन उनीहरूको नाचबाट प्रतिविम्बित हुन्छन् । योबाहेक उक्त सम्बन्धमा यहाँको कला, शिल्प, लोकगीत, वाद्यवादन, भाषा, साहित्य, दर्शन, धर्म, उत्सव, खाना र पेयपदार्थहरूबाट पनि मुखरित हुन्छन् ।

विश्वमा एक ठूलो उद्योगको रूपमा अंगीकार गरिएको पर्यटन उद्योग नेपाल सरकारको प्राथमिकतामा हालसम्म पनि पर्न नसक्नु विडम्बना हो । वास्तवमा उक्त उद्योगको विकासका लागि यहाँका प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको सम्वर्द्धन तथा प्रवर्द्धन गर्न आवश्यक छ । खर्चको हिसाबले नेपाल एक सस्तो देश मानिन्छ । तर, प्रचार-प्रसारको कमीले यहाँ सोचेअनुरूप पर्यटकहरू आउँदैनन् ।

वस्तुतः नेपाल अविकृत चिजहरूले भरिएको एक स्वतन्त्र देश हो । जहाँ प्रकृतिलाई नजिकबाट नियालेर हेर्न सकिन्छ । यहाँ पदयात्रा, जलयात्रा, तालतलैया विहार, प्याराग्लाइडिङ्ग, बन्जी जम्पिङ, जङ्गल सफारी, गुफाको यात्रा आदि गर्न सकिने भएकोले प्रत्येक वर्ष प्रचुर मात्रामा पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ । हाम्रो पुर्खाले आर्जेका र प्रकृतिले दिएको प्रचुर सम्पदाको सदुपयोग गर्नसके भविष्यमा नेपालमा पर्यटन उद्योगबाट धेरै फाइदा लिन सकिन्छ । परन्तु, यसका लागि यहाँको राजनीतिक नेतृत्वमा दूरदर्शी सोच एवं दृढ इच्छाशक्तिका आवश्यकता छ ।

भविष्यमा यहाँको ठोस पर्यटन विकासका लागि एकातिर ऐतिहासिक पर्यटकीय स्थल, गढी, किल्ला, दरबार आदिको सम्बन्धमा व्यापक प्रचार-प्रसार गर्न आवश्यक छ भने अर्कोतिर संरक्षण एवं सहज पहुँचका लागि व्यवस्था गर्न पनि उत्तिकै जरूरी छ । योबाहेक यहाँ पर्वतीय पयर्टन, ग्रामीण पर्यटन, स्वास्थ्य पर्यटन, कृषि पर्यटन, खेल पर्यटन आदिको विकास गर्न पनि आवश्यक छ । यथार्थतः नेपाल एक कमजोर आर्थिक अवस्था भएका देश हुनाले यही आधुनिक संरचनाको विकास गरी बढी पर्यटकहरू आकृष्ट गर्न सम्भव छैन । वास्तवमा यहाँ उपयुक्त ठाउँमा बाटो, होटल, सुरक्षित वातावरण आदिको सुनिश्चित गर्नसके यहाँको पर्यटन उद्योग विकासमा निकै टेवा पुग्न सक्छ । यति मात्र नभई यहाँको परम्परा, लोपोन्मुख भाषा, कला, संस्कृति आदिको संरक्षण एवं प्रर्द्धनको लागि एक राष्ट्रियस्तरको र सातप्रदेशमा प्रदेशस्तरीय सांस्कृतिक संग्रहालयहरू स्थापना गर्नसके उक्त उद्योगको विकासमा थप सघाउ पुग्नेछ ।

कोभिड-१९ को महामारी सुरू हुनुअघि अर्थात् सन् २०१९ मा यहाँ विदेशी पर्यटकहरूको आगमन २ प्रतिशतले बढेको थियो भने उनीहरूको औसत बसाइ अवधि १५ दशमलव १ प्रतिशत पुगेको थियो । योबाहेक उनीहरूको प्रतिदिन खर्च विगतको तुलनामा केही वृद्धि भई ६५ अमेरिकी डलर पुगेको थियो । तर, कोभिड-१९ को चरणबद्ध महामारीपश्चात् सन् २०२० मा विदेशी पर्यटकहरूको आगमनमा झण्डै ८१ प्रतिशत कम भएको कुरा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा प्रकाशित एक तथ्यांकले इंगित गरेको छ । उक्त अवधिमा हवाइमार्ग र स्थल मार्गबाट नेपाल भित्रिने विदेशी पर्यटकहरूको संख्या २ लाख ३० हजार मा सीमित भयो । यसबाट यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव प-यो ।

हाल कोरोना कमजोर हुँदै गए पनि नेपाल पर्यटन बोर्डले केही समयअघि सार्वजनिक गरेको एक आँकडाअनुसार यहाँको पर्यटन क्षेत्रले प्रतिदिन सरदर १० अर्ब बराबरको क्षति व्यहोर्नुपरेको थियो । यति मात्र नभई उक्त क्षेत्रमा संलग्न लगानीकर्ता तथा कामदारहरूको भविष्य अझसम्म सुनिश्चित बन्न सकेको छैन । आगामी दिनहरूमा कोरोनाको महामारी पूर्ण रूपले रोकिए पनि यसको प्रभावबाट पर्यटन क्षेत्रलाई उकास्न तीनदेखि पाँच वर्षसम्म लाग्न सक्ने कुरा सम्बन्धित विज्ञहरूले बताएका छन् । तसर्थ उक्त क्षेत्रको पुनरूत्थान गर्ने काम कम चुनौतीपूर्ण छैन । नेपाल सरकारले वर्षौंदेखि पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिँदै आए पनि पर्यटकीय पूर्वाधारहरूको कमी, आर्थिक कूटनीतिको न्यून उपयोग, नयाँ सम्भावित क्षेत्रहरूको खोजी एवं विस्तार नहुनु र हार्डवेयरमा बढी ध्यान दिई सफ्टवेयर ओझेलमा पर्नाले उक्त क्षेत्रको विकासमा समस्याहरू देखा परेका छन् ।

नेपालमा पर्यटन विकासका धेरै सम्भावना भए पनि यसलाई ग्रामीण स्तरसम्म पुऱ्याउन नसक्नाले अपेक्षा

भविष्यमा यहाँको ठोस पर्यटन विकासका लागि एकातिर ऐतिहासिक पर्यटकीय स्थल, गढी, किल्ला, दरबार आदिको सम्बन्धमा व्यापक प्रचार-प्रसार गर्न आवश्यक छ भने अर्कोतिर संरक्षण एवं सहज पहुँचका लागि व्यवस्था गर्न पनि उत्तिकै जरुरी छ। योबाहेक यहाँ पर्वतीय पयर्टन, ग्रामीण पर्यटन, स्वास्थ्य पर्यटन, कृषि पर्यटन, खेल पर्यटन आदिको विकास गर्न पनि आवश्यक छ।

अनुसारको फाइदा लिन सकिएको छैन । यो बाहेक पर्यटन क्षेत्रलाई विविधीकरण गर्न नसक्दा धेरैजसो विदेशी पर्यटकहरू काठमाडौं, चितवन, पोखरा, लुम्बिनी र जनकपुरमा केन्द्रित छन् भने बाँकी पर्यटकीय स्थलहरू ओझेलमा परेका छन् ।

एकातिर यहाँ विदेशी पर्यटकहरूका लागि सुविधायुक्त होटल तथा रिसोर्टहरूको संख्या एवं गुणस्तर दुवै कमजोर छन् भने अर्कोतिर यहाँको प्रमुख गन्तव्यस्थल सुविधायुक्त यातायात प्रणालीले जोड्न सकिएको छैन । बेलाबेलामा गरिने बन्द, हडताल र कमजोर शान्ति सुरक्षाको कारण यहाँको पर्यटन विकासमा समस्या थपिएको छ ।

यहाँ बेला-बेलामा विदेशी पर्यटकहरू लुटिएका, कुटिएका र मारिएका घटनाहरू सञ्चारमाध्यमहरूमा प्रकाशमा आउँछन् । जबसम्म उनीहरूको सुरक्षाको प्रत्याभूत हुँदैन, तबसम्म उनीहरूको संख्या एवं बसाइ अवधि बढ्न सक्दैन र यो देशलाई खासै फाइदा हुँदैन । आगामी दिनहरूमा यस सम्बन्धमा सुधार नभएमा विकराल समस्याको रूपमा देखापर्नेछ ।

नेपालमा भरपर्दो सूचना प्रवर्द्धन केन्द्रहरूको कमीको कारण यहाँका कला, संस्कृति एवं प्राकृतिक दृश्यहरूको बारेमा राम्ररी प्रचार-प्रसार गर्न सकिएको छैन । त्यसैले यहाँको पर्यटन उद्योगमा सोचेअनुरूप विकास गर्न सकिएको छैन ।

वस्तुतः यहाँको मौलिक संस्कृतिको प्रचार-प्रसार एवं प्रवर्द्धनको तुलनामा विदेशी छाडापन र खुलापनको नक्कलले यहाँका सामाजिक तथा सांस्कृतिक विकृतिहरू बढिरहेका छन् । सोबाहेक यहाँ पर्यटकहरूका लागि सुविधायुक्त होटल तथा रिसोर्टहरूको संख्या एवं गुणस्तर कम छ । जसले यहाँको पर्यटन विकासमा समस्याहरू थपेका छन् ।

# के कारण हुन्छ शरीरमा हेमोग्लोबिनको कमी ?



रक्तकोषिकामा पाइने एक प्रकारको प्रोटिनलाई हेमोग्लोबिन भनिन्छ । यसको काम सासमार्फत लिएको अक्सिजनलाई शरीरको सबै भागमा पुऱ्याउनु हो । तर स्वास्थ्यको ख्याल नराख्दा शरीरमा आवश्यक पर्ने प्रोटिन, भिटामिन र खनिजको मात्रा कम हुन्छ, जसले र गतमा हेमोग्लोबिनको मात्रा पनि कम हुँदै जान्छ । यी तत्व कमी हुँदा मानिसलाई विभिन्न स्वास्थ्य समस्याले सताउन सक्छ ।

### हेमोग्लोबिनको मात्रा कम हुने कारण

हेमोग्लोबिनको मात्रा कम हुनुलाई रक्तअल्पता पनि भनिन्छ । यो आफैंमा कुनै रोग त होइन, तर रोगको संकेत भने हो । हेमोग्लोबिनको कमी हुँदा शरीरमा विभिन्न समस्या देखा पर्छन् ।

आइरन, भिटामिन बी–१२ र फोलिक एसिडको कमी, कुनै दुर्घटनाले रक्तश्राव बढी हुनु, महिलामा महिनावारीको समयमा अत्यधिक रक्तश्राव हुनु, दिसामा रगत जानु, शरीरले पर्याप्त मात्रामा रातो रक्तकोषिका निर्माण गर्न नसक्नु हेमोग्लोबिन कमी भएको लक्षण हो । यस्तै वंशाणुगत कारण पनि हेमोग्लोबिनको कमी हुन सक्छ ।

गर्भ रहेको चार महिनापछि गर्भवतीमा रगतको कमी हुन्छ । यसबेला रक्तअल्पताको पनि समस्या हुने गर्छ । त्यस्तै, बोनम्यारोमा समस्या, शरीरमा र गत फुटाउने रोग, जन्मजात हेमोग्लोबिन कम हुन सक्छ । विशेषगरी वृद्धवृद्धामा आइरन कमी भएको व्यक्तिमा हेमोग्लोबिनको कमी हुने जोखिम हुन्छ ।

यो धेरै अवस्थामा घातक पनि हुन सक्छ । हेमोग्लोबिनको मात्रा कम हुँदा शरीरका विभिन्न भागमा अक्सिजनयुक्त रगत पुऱ्याउने क्षमतामा ह्रास आउँछ । फलस्वरूप शरीरलाई आवश्यक अक्सिजनको कमी हुन गई श्वासप्रश्वासमा समेत समस्या देखिन सक्छ ।

यसबाहेक अटोइम्युन, कलेजोसम्बन्धी रोग, थाइराइड जस्ता दीर्घकालीन स्वास्थ्य अवस्थाबाट पीडित व्यक्तिमा पनि हेमोग्लोबिनको कमी हुन्छ ।

### कति हुनुपर्छ हेमोग्लोबिन ?

मानिस अनुसार हेमोग्लोबिनको स्तर फरक–फरक हुन्छ । यदि परीक्षणमा हेमोग्लोबिनको मात्रा पुरूषमा १३.५ जी/डीएल र महिलाहरूमा १२ जी/डीएल भन्दा कम छ भने यो अवस्था हेमोग्लोबिन कम भएको मानिन्छ । यसको कमीले शरीरमा रगतको मात्रा घट्छ । जसलाई रक्तअल्पता भनिन्छ ।

### लक्षण के के हुन्छन् ?

हेमोग्लोबिनको कमी हुँदा रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता घट्छ । त्यस्तै कमजोरी महसुस हुने, थकाइ लाग्ने र भऱ्याङ चढ्दा वा हिंड्दा स्वाँ–स्वाँ हुनेजस्ता समस्या देखिन्छन् । श्वास फुल्ने, महिनावारी हुँदा अत्यधिक रक्तश्राव हुने, रगत नपुगेर अनुहार सेतो भएको जस्तो देखिने समस्या हेमोग्लोबिनको कमी हुँदा हुन्छ ।

### पहिचान र उपचार

हेमोग्लोबिनको कमी भएको लक्षण देखिएमा कम्प्लिट ब्लड काउन्ट (सीबीसी) परीक्षण गराएर हेमोग्लोबिनको स्तर थाहा पाउन सकिन्छ । यो आफैंमा रोग नभएकाले कुन रोग लागेर संकेतको रूपमा देखा परेको हो, त्यस रोगको उपचार गरेपछि रक्तअल्पता कम हुँदै आउँछ । जस्तै, पोषणको कमी छ भने त्यसलाई परिपूर्ति गर्ने खानेकुरा खाने, शरीरबाट रगत बगिरहेको छ भने त्यसलाई रोक्ने सम्भावित उपचार गर्ने, बोनम्यारोमा समस्या भएको कारण हो भने सोही अनुसारको उपचार गर्नुपर्ने हुन्छ ।

### कसरी बच्ने ?

शरीरमा हेमोग्लोबिनको कमी हुँदा आइरनयुक्त खानेकुरा जस्तै, मासु, हरियो सागसब्जी, ड्राइ फ्रुट्स आहारमा समावेश गर्नुपर्छ । मासु र दूधजन्य पदार्थ भिटामिन बी–१२ को राम्रो स्रोत हुन् । जबकि फलफूल र अन्नमा फोलिक एसिड पाइन्छ । यी सबैको सेवन आवश्यक मात्रा शरीरमा हेमोग्लोबिनको मात्रा बढाउन सहयोगी मानिन्छ ।

त्यस्तै, महिनावारीको क्रममा अत्यधिक रक्तश्राव हुँदा पनि आइरनको कमी हुन सक्छ । त्यसैले त्यसो समस्या भए रगत परीक्षण गराएर रक्तअल्पता भएको छ कि छैन भनेर थाहा पाउन सकिन्छ ।

# यि हुन् सास गन्हाउने कारण !



सास गन्हाउने समस्या किन हुन्छ ? यसको एउटा मात्र जवाफ छैन । मुखको दुर्गन्धको कारण दाँत तथा मुख मात्र हुँदैन, शरीरको अन्य समस्याको कारण पनि मुखबाट दुर्गन्ध आउने हुन्छ ।

१. यसको मुख्य कारण दाँतको बीचमा हुने 'ब्याक्टेरिया' कीटाणु हो । यदि सास गन्हाउने समस्यालाई समयमै ध्यान दिएन भने यो बढ्न सक्छ ।
२. दाँतको बीचमा जम्मा भएर बसेको फोहोर, जिब्रोको सरसफाइ राम्ररी नगर्दा र गिजाको समस्या आदि मुखको दुर्गन्धको कारण हो ।
३. मुखबाहेकको कारणमा साइनसको समस्याले पनि सास गन्हाउन सक्छ ।
४. फोक्सोको संक्रमण भएमा पनि मुखबाट गन्ध आउने गर्छ ।
५. कलेजोको संक्रमण भएको खण्डमा यसले राम्ररी काम नगर्दा अपचको समस्या उत्पन्न हुने गर्छ । जसकारण मुख तथा सासबाट गन्ध आउने हुन्छ ।
६. ग्यास्ट्रिक तथा पेटको समस्याले पनि मुखबाट दुर्गन्ध आउन सक्छ ।
८. मधुमेहका कारण शरीरमा मेटाबोलिक परिवर्तन देखा पर्न थाल्छ । जसकारण मुख गन्हाउन थाल्छ ।
९. मिर्गौलाको समस्याले शरीरमा मेटाबोलिक परिवर्तन देखापर्छ । जसले गर्दा शरीरमा मुख सुख्खा हुने समस्या आउने गर्छ, जसकारण मुखबाट गन्ध आउने गर्छ ।
१०. लामो समयसम्म चुरोट र खैनीको सेवन गर्ने मानिसहरूमा मुखको क्यान्सर हुने सम्भावना अधिक रहन्छ । यस्तोमा उनीहरूको मुखबाट नराम्रो गन्ध आउने गर्छ ।

### मुखबाट निस्किने गन्ध पनि फरक-फरक हुन्छ ?

मुखबाट निस्किने दुर्गन्ध पनि दुई प्रकारको हुन्छ, आफूलाई महसुस हुने र अरूलाई महसुस हुने । कसैमा माछा गन्हाएको जस्तो दुर्गन्ध आउँछ भने कसैमा एसिडिक दुर्गन्ध महसुस हुन्छ ।

मुख र दाँत सफा हुँदा पनि कतिपयको मुखमा गन्ध आउने समस्या हुन्छ । त्यो गन्ध अन्य स्वास्थ्य समस्या जस्तै साइनसको समस्या, मिर्गौलाको समस्या, पेटको समस्या र मधुमेहको समस्याका कारण पनि आएको हुन सक्छ ।

### दाँत तथा गिजामा कस्तो समस्या हुँदा गन्ध आउँछ ?

सही तरीकाले दाँत नमाझेको खण्डमा दाँतमा ब्याक्टेरिया जम्मा हुन थाल्छ । जसकारण मुखमा संक्रमण भई मुखबाट गन्ध आउने गर्छ । गिजाको समस्याका कारण पेरिओडोन्टिक नामक रोग लाग्ने गर्छ । जुन मुख गन्हाउने समस्याको कारण बन्न सक्छ ।

### यस्तो गन्धलाई कसरी रोक्ने ?

मुखबाट दुर्गन्ध आउने धेरैजसो मुखकै समस्याका कारण भएकाले यसलाई रोक्न बिहान र बेलुका दिनमा दुई पटक नछुटाई राम्रोसँग दाँत माझ्ने । दाँतको बीचमा भएका खाली ठाउँमा विभिन्न खानेकुरा अड्किन्छ । ती कुरा त्यहाँ नकुहियोस् र दुर्गन्ध नबढोस् भनेर राम्रोसँग ब्रस गर्नुपर्छ ।

जिब्रोलाई जिब्री वा ब्रसले दिनहुँ सफा गर्दा मुख गन्हाउने समस्या कम हुन्छ । दाँतमा अड्किएको खाना ब्रस गर्दा मात्र ननिस्कन सक्छ, त्यसैले दाँतलाई फ्लस पनि गर्नुपर्छ । हरेक पटक खाना खाएपछि मुख राम्ररी कुल्ला गर्नुपर्छ ।

मुखको सरसफाइमा ध्यान दिंदा पनि मुखबाट दुर्गन्ध आइरहन्छ भने अन्य कारण पत्ता लगाएर उपचार गर्नुपर्छ । कसैमा मुखको दुर्गन्ध अत्यधिक छ भने त्यो दुर्गन्ध कम गर्न माउथ फ्रेसर, माउथ वास प्रयोग गर्न सकिन्छ । तर यो समस्याको समाधान भने होइन । दाँतलाई राम्ररी सफा गरि सकेपछि मात्र माउथ वासको प्रयोग गर्ने हो । मुखको दुर्गन्ध विभिन्न कारण हुने हुँदा कारण पत्ता लगाएर उपचार गर्नुपर्छ । उपचार गरिएन माउथ फ्रेसर ले कुल्ला मात्र गरियो भने समस्या समाधान हुँदैन समस्या दोहोरिन सक्छ तथा बढ्न पनि सक्छ ।






# मकवानपुरमा राहदानी र राष्ट्रिय परिचयपत्रको फाराम भर्न शुल्क नलाग्ने

◆ विकास संवाददाता




जिल्ला प्रशासन कार्यालय मकवानपुरले राष्ट्रिय परिचयपत्र र राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई लक्षित गर्दै नागरिक सहायता कक्षबाट निःशुल्क सेवा सुरू गरेको छ। प्रशासनले सेवा शुरू गरेको एकै दिन १४ वैशाखमा फारम निःशुल्क भरी सेवाग्राहीलाई सहजता प्रदान गरेको हो। आज पहिलो दिन ४० जनाभन्दा बढी सेवाग्राहीले निःशुल्क सेवा लिएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए ।

'जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी एवम् सेवाग्राहीमैत्री बनाउने उद्देश्यले सेवाग्राही आफैंले भरी पेश गर्नुपर्ने राहदानी तथा राष्ट्रिय परिचयपत्रको फारम २० नम्वर कोठाबाट हामीले निःशुल्क भरिदिने व्यवस्था गरेका हौं । यसले नागरिक र प्रशासनबीचको दूरी घटाउने र उहाँहरूलाई सहज हुने विश्वास लिएका छौं,' शर्माले भने ।

यसअघि सेवाग्राहीले विभिन्न स्टेशनरी, फोटो पसल तथा साइबर हरूबाट शुल्क तिरेर फारम भर्दै आएका थिए । त्यस्तै प्रशासनले टोकन सिस्टमलाई पनि थप व्यवस्थित बनाई विद्युतीय मेसिनरीबाट प्रवाह गर्न सुरू गरेको सहायक प्रजिअ शर्माले बताए । सेवाग्राहीको सहजताको लागि प्रशासनले हुलाक टिकटसमेत उपलब्ध गराउने उनले बताए ।

# 'मकवानपुरमा पूर्ण रूपमा विद्युतीकरण गर्ने सहमत'

◆ विकास संवाददाता



मकवानपुर २ बाट निर्वाचित सांसद महेश बर्तौला र नेपाल विद्युत प्राधिकरणका महानिर्देशक कुलमान घिसिङबीच मकवानपुरमा पुर्ण विद्युतीकरण गर्ने विषयमा छलफल भएको छ । मकवानपुरको राक्सिराङ, कैलाश तथा मनहरीका केहि गाउँमा अझैपनि विद्युत नपुगेपछि साँसद बर्तौलाले घिसिङसंग छलफल गरेका हुन् ।

सांसद बर्तौलासंगै विधुतिकरणका विषयमा छलफलका लागि प्राधिकरण पुगेका राजन लामाका अनुसार बर्तौलाले महानिर्देशक घिसिङलाई मकवापुरमा सडकको बिचमा पिच तथा ढलान गरिएको अवस्थामा विद्युतको पोल रहेको, मनहरी र मार्खु सवस्टेसनको ३३ के.भी.को प्रशारण लाईनको काम सम्पन्न हुन ढिलाई भएको, गाउँगाउँमा रहेको काठको पोल विस्थापन गरि फलामे पोल राखिनुपर्ने, ट्रान्सफर्मरहरू थप गर्नुपर्ने तथा परिवर्तन गर्नुपर्ने अवस्थामा रहेको बताएका थिए । बर्तौलाले केही गाउँमा राम्ररी बत्ती बाल्न पनि भोल्टेजको समस्या रहेको बताउदै यी कठिनाईलाई समाधान गरिनूपर्ने बताए ।

विद्युत प्राधिकरणका महानिर्देश घिसिङले आफु कार्यान्वयन गर्न बसेकाले जहाँ विद्युत पुगेको छैन त्यहाँ तत्काले विद्युत पुर्याउने बताए। छलफलकै क्रममा घिसिङले फोनबाट मनहरी सवस्टेसनको कामको प्रगतिको विवरण मागेका थिए। एक महिना भित्र सवस्टेसनको सबै काम सक्न मातहतका कर्मचारीलाई निर्देशन दिएका छन् । नेपालमा भौतिक पुर्वाधार को विकासहरूमध्ये सडक संजालको विकास अत्याधिक भएकोमा खुशी व्यक्त गर्दै सडक खनेर पोल विचमा आईपुगेका पोलहरू सार्न सम्वन्धीत गाउँपालिकाले २० प्रतिशत र नगरपालिकाले ३० प्रतिशत लगानीमा बाँकी प्राधिकरणको लागानीमा आफुले पोल सार्ने कार्यविधि बनाएर काम अघि बढाईको बताए ।

# बकैयाको १२ नम्बर वडामा जग्गा वर्गिकरण गरिने

◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिका वडा नं. १२ मा जग्गा वर्गीकरणको तयारी गरिएको छ। वडा नंम्बर १२ को कार्यालय ठिंगनमा भएको छलफलमा सबै सरोकारवालाहरूले यहाँको जग्गालाई वर्गीकरण गर्न सुझाव दिएका हुन। बकैया-१२, का वडा अध्यक्ष ज्ञानेन्द्र बजगाईको अध्यक्षतामा जग्गा वर्गीकरणका लागि भएको बैठकमा वडाका राजनैतिक दल, स्थानीयवासी, शिक्षक, पत्रकार लगायतकाको उपस्थिती रहेको थियो ।

बैठकमा बकैया-१२ को जग्गा वर्गीकरणका लागि टोल छनौट गरिएको थियो । जग्गा वर्गीकरणका लागि जितपुर, जितपुर खोला, चालिसे पाखा, च्वार पाखा, चित्रे, सिमपानी, चपकी, तारूवास, कोलखोप, चारघरे, रातोपाटे, निगाले, गोदाम डाँडा, अंजिगरे, फलाटे, तीनघरे, ठिंगन डाँडा, घले गाँउ, ठिंगन बजार, तामेचौर, चिप्लेटी, तल्लो धार ापानी, ठिंगन वेसी, धारापानी चौरी टोल छनौट गर्ने निर्णय गरिएको थियो ।

# थाहा बसपार्क संचालन गर्न स्वतस्फुर्त समिति बन्यो



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा निर्माणाधीन थाहा बसपार्क संचालनमा नआएको भन्दै स्थानीयले बसपार्क संचालनको माग गर्दै नागरिकहरूले स्वतस्फुर्त रूपमै थाहा बसपार्क व्यवस्थापन समिती गठन गरेका छन ।

थाहानगरको गौरवको आयोजना बसपार्कमा बनेको संरचना संरक्षण नहुँदा भत्किइसकेको तथा बसपार्क संचालन गर्न आवश्यक संरचना तयार हुँदा समेत बसपार्क संचालनमा नगरपालिकाको ध्यानाकर्षण नभएको भन्दै स्थानीयले बसपार्क संरक्षण र संचालनको निम्ति व्यवस्थापन समिती गठन गरेका हुन । रामराजा केसीको अध्यक्षतामा ११ सदस्यीय बसपार्क व्यवस्थापन समिती गठन गरिएको समितिका सचिव ज्ञानेन्द्र अधिकारीले जानकारी दिए ।

नव गठित व्यवस्थापन समितिको उपाध्यक्षमा कुमार खत्री, सचिव ज्ञानेन्द्र अधिकारी, कोषाध्यक्ष अमिता केसी विष्ट तथा सदस्यहरूमा हरीकृष्ण केसी, लवकुमार केसी, नवीन अधिकारी, देशर ाज केसी, सर्मिला अधिकारी, बिन्दा केसी र सुनिता अधिकारी रहेका छन भने श्रीकृष्ण केसीको संयोजकत्वमा ४ सदस्यीय सल्लाहकार समिती समेत चयन गरियको छ । जस्को सदस्यमा अजित खत्री, पुरूर्षोत्तम केसी र संग्राम बिष्ट रहेका छन ।

नव गठित बसपार्क व्यवस्थापन समितीलाई दर्ताको लागि संम्बन्धित निकायमा पहल गरिने निर्णय गरिएको समितिले जनाएको छ ।

# विकास र सेवा प्रवाह प्रभावकारी बनाउन युवाको ध्यानाकर्षण

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा पालिका र वडा कार्यालयको सेवालाई प्रभावकारी बनाउन माग गर्दै नगर प्रमुख विष्णु बहादुर विष्टको ध्यानाकर्षण गराएका छन् । वडाका स्थानीय युवाहरूले नगर प्रमुख विष्टलाई १७ वैशाखमा कार्यकक्षमै भेटेर ध्यानाकर्षण गराएका हुन् ।

युवाहरूले नगर प्रमुख विष्टलाई उपप्रमुख भरत गोपालीसहितको उपस्थितीमा ध्यानाकर्षण पत्र समेत बुझाएका हुन् । उनीहरूले पत्र मार्फत ४ नम्बर वडामा रहेको किटेनी प्राथमिक विद्यालयलाई पुनः संचालन गर्नुपर्ने माग राखेका छन् । किटेनी प्राविमा विद्यार्थी संख्या नभएको कारण केहीवर्ष अघि मात्र अन्यत्र विद्यालयमा गाभिएको थियो। त्यस्तै स्वास्थ्यको मापदण्ड पूरा गर्नुपर्ने, थाहा बसपार्कलाई व्यवस्थापन गरी संचालनमा ल्याउनुपर्ने, करूणाभुमी सामुदायिक वन उपभोक्ता समिती भित्र भएको अनियमितता छानवीन गर्नुपर्ने, चौकी किटेनी सडकको काम सुचारू गर्नुपर्ने, वडामा रहेको सार्वजनिक जग्गा व्यवस्थित गर्नुपर्ने, नगरको विकास निर्माण कार्यमा हुने नीतिगत भ्रष्टचारलाई कारबाहीको दायरामा ल्याउनुपर्ने, पिउने पानी तथा सिंचाइलाई व्यवस्थित गर्नुपर्ने र कृषि क्षेत्रमा भएका समस्या पहिचान गरी व्यवस्थापन गर्नुपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

युवाहरूले आफुहरूले उठाएका मुद्दालाई नगरपालिकाले तदारूकताका साथ सम्बोधन गर्न आग्रह गरे । ध्यानाकर्षण पत्र बुझ्दै नगर प्रमुख विष्टले युवाहरूले नगरको समृद्धिप्रति देखाएको चासोले आफू उत्साहित भएको बताउँदै पेश भएको मागलाई सम्बोधन गर्न प्रतिवद्ध रहेको प्रतिक्रिया दिए ।



# राक्सिराङमा चट्याङ निरोधक यन्त्र जडान गर्दै



◆ विकास संवाददाता

चट्याङको उच्च जोखिम क्षेत्रको रूपमा रहेको मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाले स्थानीयको सुरक्षाका लागि चट्याङ निरोधक यन्त्र जडान गर्ने भएको छ ।

चट्याङका कारण बर्सेनि गाउँबासी घाइते तथा मृत्यु हुनुका साथै अन्य भौतिक क्षतिसमेत हुने गरेकोमा त्यसलाई न्यूनीकरण गर्न गाउँपालिकाले अनुदानमा चट्याङ निरोधक यन्त्र जडान गर्न लागेको हो । यन्त्र जडान गर्न प्रति परिवार १२ हजार रूपैयाँ कबोल गरी एक कम्पनीलाई जिम्मा दिइएकोमा गाउँपालिकाले प्रति परिवार ५ हजार रूपैयाँ अनुदान उपलब्ध गराउनेछ । बाँकी ७ हजार रूपैयाँ निवेदकले नै बेहोर्नुपर्नेछ । तोकिएकै रकमबाट लाभग्राहीहरूलाई १ लाख रूपैयाँ बराबरको प्राकृतिक प्रकोपजन्य दूर्घटना बिमासमेत गराइनेछ ।

गाउँपालिकाले विपद व्यवस्थापनको लागि छुट्याएको ५० लाख रूपैयाँ बजेटमध्येबाट चट्याङ निरोधक यन्त्र जडानमा अनुदान दिन लागिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । यन्त्र जडानपश्चात १० वर्षसम्म मर्मत सम्भारको काम आपूर्तिकर्ता कम्पनीले नै गर्नेगरी सम्झौता गरिएको मल्लले बताए ।

गत चैत १२ गते सूचना जारी गरी चट्याङ निरोधक यन्त्र जडान अनुदान लिन इच्छुक लाभग्राहीलाई आह्वान गरिएकोमा एक सय ८२ परिवारले यन्त्र जडानको लागि निवेदन दिएको गाउँपालिकाका फिल्ड सहायक सिङ्गराम मुक्तानले बताए । गाउँ विपद व्यवस्थापन समितिको बैठकबाट लाभग्राही छनौट गरी कार्यान्वयनमा जाने तयारी छ ।गाउँपालिकामा चट्याङबाट बर्सेनि जनधनको क्षति हुने गरेको छ । गत वर्ष मात्रै गाउँपालिकामा चट्याङबाट ३ जनाको मृत्यु भएको थियो ।

चट्याङ निरोधक यन्त्र जडानको कामलाई आगामी वर्षदेखि निरन्तर लैजाने गाउँपालिकाले जनाएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार राक्सिराङ गाउँपालिकाको जनसंख्या २५ हजार नौ सय ९६ रहेको छ ।

# पत्रकार बञ्जराको बिषयमा निष्पक्ष छानविन गर्न पत्रकार महासंघको माग

◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ मकवानपुरका सदस्य तथा बागमती एक्सप्रेस साप्ताहिकका पत्रकार इन्द्र प्रसाद बञ्जरा (रमेश) का बिषयमा लागेको आरोपको निशपक्ष छानविन गर्नका लागि माग गरिएको छ । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले आज विज्ञप्ती जारी गर्दै पत्रकार बन्जराको बिषयमा निशपक्ष छानबिन गर्नका लागि सम्वन्धीत पक्षसंग माग गरेका छन् । एक महिलालाई बलात्कार गरेको आरोप लगाउदै प्रहरीले पक्राउ गरेको घटना प्रति महासंघले ध्यानाकर्षण भएको जनाएको छ ।




यस घटनामा सिसिटिभी फुटेजमा आरोप लगाइएको भन्दा फरक प्रकृतिको घटना देखिन्छ । तर, पत्रकारलाई पक्राउ गरेर अनुसंधान भइरहेको छ । यो घटनामा दोहोरो छानविन गर्नका लागि अध्यक्ष गौतमले विज्ञप्ती मार्फत माग गरे । एक पक्षिय भन्दा पनि दुइपक्षिय रूपमा छानविन गरेर अनुसंधान गर्नका लागि विज्ञप्ती मार्फत माग गरिएको हो । घटनाको षियमा कसैको दवाब र प्रभाबमा नपरीकन मकवानपुर प्रहरीले निस्पक्ष छानविनगर्नका लागि प्रहरी समक्ष महासंघले माग गरेको हो ।

यसैगरी नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका सदस्य इन्द्रप्रसादलाई एक महिलाको उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले अनुसन्धानको लागि सोही दिन नियन्त्रणमा लिएको घटनाप्रति नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको ध्यानाकर्षण भएको जनाएको छ । पत्रकार महासंघ बागमती प्रदेशका महासचिब कृष्ण सारू मगरले एक बिज्ञप्ती जारी गर्दै यस्तो माग गरेका हुन् ।केही दिनयता बिभिन्न सञ्चारमाध्यममा उक्त घटनासँग सम्बन्धित विषयमा उनलाई फसाउने प्रयास गरेको आशंका सहित समाचार तथा सिसीटिभी फुटेजहरू प्रकाशन र प्रशारण भइरेहेकाले कसैको दवाब र प्रभावमा नपरी घटनाको निष्पक्ष र दोहोरो छानविन गर्न र विलम्ब नगरी सत्यको पक्षमा न्याय निरूपणको लागि सम्बन्धित सरोकारवाला निकायहरूसँग माग गरिएको छ ।

यसैगरी पत्रकार रमेश बन्जारालाई बदलाभाव राखेर फसाउन खोजीएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले निष्पक्ष छानबीनको माग गरेको छ । सञ्चार माध्यममा आएको सिसीटीभी फुटेजलाई हेर्दा पत्रकार बन्जारालाई सुनियोजित रूपमा फसाउन खोजीएको भन्ने जनस्तर बाट समेत गुनासो आएकाले राष्ट्रिय स्वतन्त्र पार्टीले निष्पक्ष छानबीनको माग गरेको हो ।

पार्टीका सभापति भरत पराजुलीले दोषी भए मात्रै कानुनी कारवाही अघि बढाउनुपर्ने अन्यथा निर्दोष ब्यक्तीलाई सुनियोजित तरिकाबाट फसाउन नहुने बताए । पीडितले दिएको जाहेरी र बार दात भएको भनिएको समयमा पत्रकार बन्जारा हेटौँडाको एक पसलमा गुट्खा किन्दै गरेको सिसीटीभी फुटेजमा देखिएको पीडित भनिएकी महिला बुलेट बाईक चढेर घट्ना भएको भनिएको स्थलमा गएको विषयलाई समेत प्रहरी प्रशासनले गहीरो ढंगले छानबीन गर्न माग गरिएको छ ।

# स्कूलमा न्यानो कपडा वितरण

◆ विकास संवाददाता

मकवानपुरको भिमफेदी गाउँपालिका वडा नम्बर ९ स्थित लेकाली बसिफाँटमा अध्यनरत ६० जना साना विद्यार्थीहरूलाई न्यानो कपडा ट्र्याक सुट वितरण गरिएको छ । विद्यार्थीहरूलाई काठमाडौं कीर्तिपुर स्थायी घर भएका समाजसेवी हरिकृष्ण बस्नेत र उनकी धर्मपत्नी रमा बस्नेतले आफ्नो छोरा संजय बस्नेतको जन्मदिनको अवसर पारेर विद्यालयको लोगो र नाम सहितको ट्रायाकसुट वितरण गरेको विद्यालयका प्रधानाध्यापक एल एल मण्डलले जानकारी दिए ।

बस्नेत दम्पतीले विद्यार्थीहरूलाई सहयोग गर्न पाउँदा खुशी महशुस भएको बताउदै आगामी दिनमा पनि निरन्तर सहयोग गरिरहने प्रतिबद्धता व्यक्त गरेका छन । जन्मदिन वा विभिन्न बहानामा पार्टी प्यालेस गएर पैसा उडाउने चलनले प्रायः पाइरहेको अवस्थामा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई यस्ता सहयोगले सकारात्मक प्रभाव पार्ने प्रधानाध्यापक मण्डलको विश्वास छ ।

# लेखापढी व्यावसायी शिखरकोटको अध्यक्षमा तामाङ निर्वाचित

◆ विकास संवाददाता

नेपाल लेखापढी कानुन व्यावसायी एशोसियसन शिखरकोट इकाई समितिको तेश्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशन भएको छ । "पेशागत दक्षता अभिवृद्धी र व्यावसायिक मर्यादाका लागि अग्रसर बनौ" अर्धन्यायिक निकायमा रहेका विकृती र विसंगती बिरूद्द संघर्ष गरौ" भन्ने मुल नाराकासाथ १७ वैशाखमा इकाईको अधिवेशन भएको हो ।

अधिवेशनले जियो तामाङ्को अध्यक्षतामा सात सदस्यीय नयाँ कार्यसमिति समेत सर्वसम्मत चयन गरेको निर्वाचन अधिकृत प्रकाश थोकरले जानकारी दिए । समितिको उपाध्यक्षमा कृष्ण बलामी, सचिव उपेन्द्र केसी,कोषाध्यक्ष सर्मिला जिम्बा, सहसचिव झरना गोपाली, सदस्य भिम बहादुर स्याङ्तान र विश्वास केसी निर्वाचित भएका छन् । कार्यक्रममा प्रमुख अतिथी एसोसियसनका केन्द्रिय सचिब आत्मराम मोक्तानले आफूहरू नागरिकलाई सहज र छिटो सेवा दिलाउनका लागि लागिरहेको भन्दै नकरात्मक भावनाले नहेर्न आग्रह गरे । सामाजिक कार्यमा पनि अग्रसर रहेर कार्य गरिरहेको बताउँदै उनले लेखापढी व्यवसायीको हितका लागि अक्षय कोषको स्थापना र पेन्सन योजना पनि अघि सारेको प्रमुख अतिथी मोक्तानले जानकारी गराएका थिए । मोक्तानले नयाँ नयाँ प्रविधि आउँदा विस्थापित होईन् स्थापित कसरी हुन सकिन्छ भनेर व्यवसायीले सोच्नुपर्नेमा जोड दिए ।




नेपाल लेखापढी कानुन व्यावसायी एसोसिएसनका केन्द्रिय सचिव आत्मराम मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । सो कार्यक्रममा एसोसिएसनका केन्द्रिय सदस्य तथा बागमती प्रदेश सचिव खिल प्रसाद गौतम तथा प्रदेश सदस्य महालक्ष्मी श्रेष्ठको विशेष आतिथ्यता रहेको थियो भने एसोसिएसन जिल्ला समन्वय समिती अध्यक्ष पुर्ण प्रसाद अर्याल, एसोसिएसन अदालत इकाई अध्यक्ष तेजकुमारी थापा, एसोसिएसनका हेटौंडा इकाई उपाध्यक्ष तेज राज पाण्डे, अदालत तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

शिखरकोट इकाई अध्यक्ष रामप्रसाद गोपालीको सभाध्यक्षतामा अधिवेशन भएको थियो ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# हेटौंडामा वडा कार्यालयको भवन शिलान्यास



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका–९ नम्बर वडा कार्यालयको नयाँ भवन निर्माण हुने भएको छ । नयाँ भवनको हेटौंडा उपमहानगरपालिकाका मेयर मीना कुमारी लामाले ५ वैशाखमा शिलान्यास गरेकी छिन् । भवन अभावका कारण जनतालाई दिने सेवामा समस्या व्यहोर्दै आएको वडा कर्यालयको नयाँ भवन तत्कालका लागि काम काज चालाउँदै आएको कार्यालय परिसरमै निर्माण हुन लागेको हो ।

भवन शिलान्यास गर्दै नगर प्रमुख लामाले भवन निर्माणको गुणस्तरलाई ध्यान दिन आग्रह गरिन् । हेटौंडा उपमहानगर पालिकाको लगानीमा निर्माण हुन एक तल्ले ६ कोठाको भवन उपभोक्ता समिति मार्फत निर्माण थालिएको हो । करीब ४० लाख रूपियाँको लागतमा निर्माण हुने भवनमा उपभोक्ता समितिको १० प्रतिशत लागत सहभागिता रहने वडा अध्यक्ष सुकराम केसीले बताए ।

त्यस्तै ५ वैशाखमै मेयर लामाले हेटौंडा ९ मा रहेको प्रगती माध्यमिक बिद्यालयले निर्माण गर्न लागेको भवनको पनि शिलान्यस गरिन् । हेटौंडा उपमहानगरपालिकाको १५ लाख रूपियाँको लगानीमा निर्माण हुने व्यवसायिक भवनको जगको काम पहिलो चरणमा गर्न लागेको बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदिप पराजुलीले जानकारी दिए ।

# भिमफेदीको इपागाँउको सडक स्तरीकरण हुँदै

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर–८ को इपा गाँउको सडक निर्माणको काम दुई वर्षदेखि भइरहेको छ । संघीय सरकारको समपुरक अनुदानमा यो सडक पक्की निर्माण गर्ने काम भइरहेको हो ।

बितेको आर्थिक वर्ष र चालु आर्थिक वर्षमागरी संघीय सरकार र गाउँपालिकाको गरी ८ करोड रूपैयाँ लागतमा सडक निर्माण भइरहेको हो । यो सडक निर्माण भएपछी यहाँका सयौ परिवारले फाइदा लिन सक्नेछन् । यस सडक निर्माणसंगै बिकासले गर्दा गाउँको मुहार फेरिएको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले बताए । यो आर्थिक बर्षको मसान्तसम्ममा स्तरोन्ती भएका सडक स्ल्याब ढलान कार्य सम्पन्न गर्ने लक्ष लिएको लामाले बताए ।



यस सडकमा ठेक्का मार्फत तीन वटा प्याकेजमा काम भइरहेको छ । गत आर्थिक वर्षमा ४ करोड रूपैयाँ र चालु आर्थिक वर्षमा चार करोड रूपैयाँ लागतमा काम भइरहेको भीमफेदी गाउँपालिकाका योजना शाखाका प्रमुख तथा सूचना अधिकारी बद्री सापकोटाले बताए ।

सडक निर्माणको काम अन्तरगत स्लाब निर्माण, ड्रेन, वाल निर्माण, हेमपाइप र ग्यावीन जाली निर्माण गर्ने काम भइरहेको उनले बताए । यस सडक निर्माण भइसकेपछी यस क्षेत्रका एक हजार ५ सय परिवार लाभान्वीत हुने उनले बताए ।

# किसान सूचीकरण तालिम

◆ विकास संवाददाता

मकवानपुर जिल्ला बागमती गाउँपालिकामा किसान सूचीकरण अभिमुखीकरण तथा सफ्टवेयर संचालन सम्बन्धी तालिम दुईदिने सम्पन्न भएको छ । पालिकाले सूचीकरण कार्यक्रम शुरू गर्नका लागि तालिम दिएको हो ।

बागमती गाउँपालिकाका अभ्यक्ष सर्केश घलानको सभाध्यक्षतामा संचालन भएको तालिममा प्रमुख प्रशासकीय अधिकृत झम्क नारायण घलान वडा नम्बर १ का वडाध्यक्ष यहुन्ना राई वडा नम्बर ४ का वडाध्यक्ष तथा वडा सदस्यहरू, कृषि र पशु शाखाका प्राविधिकहरू र किसान सूचीकरण सहजकर्ताहरूको सहभागीता रहेको थियो । सहभागीहरूलाई मकवानपुर गढी गाउँपालिकाका कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले सहजीकरण गरेका थिए ।

तालिम समापन सँगै बागमती गाउँपालिका वडा नम्बर १ र ४ बाट किसान सूचीकरणको कार्य शुरूवात गरिने कृषि शाखा प्रमुख बिरेन्द्र समालले जानकारी दिए ।


## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं !

डढेलोले,
– वन मात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
– वातवरणीय प्रदूषण बढाउँछ,
– बाढीपहिरो तथा भूक्षय बढाउँछ,
– पानीको मूल सुकाउँछ,
त्यसैले,

*वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
| --- | --- | --- |
| १ | जन्मने वितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी. हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका



● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी